# सुरुङ्गा नगरपालिका

## सत्रौं नगरसभा

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

(नगर प्रमुखद्वारा प्रस्तुत गर्ने मस्यौदा)

श्री नगर उपप्रमुखज्यू,

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

श्री सम्पूर्ण वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू,

श्री सम्पूर्ण नगरसभा सदस्यज्यूहरू,

विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू,

सुरक्षाकर्मी, पत्रकार तथा उपस्थित सम्पूर्ण सुरुङ्गावासी दाजुभाइ तथा दिदीबहिनीहरू ।

सुरुङ्गा नगरपालिकाकोसत्रौं नगरसभासमक्ष आर्थिक वर्ष२०८३/०८४को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस महत्वपूर्ण अवसरमा राष्ट्रको लोकतान्त्रिक आन्दोलन , जनआन्दोलन तथा विभिन्न राजनीतिक परिवर्तनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते , बेपत्ता तथा परिवर्तनका लागि योगदान गर्नुहुने सम्पूर्ण नेपाली नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । जनप्रतिनिधिहरूमार्फत जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्दै विकास , सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु हाम्रो दायित्व हो । यसै दायित्वलाई आत्मसात गर्दै हामीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

हाम्रो मूल नाराः

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानीः सुशासित, सुन्दर, समृद्ध सुरुङ्गा बनाउँछौं हामी"

**आर्थिक विकास सम्बन्धी नीति**

**कृषि विकास नीति**

१ सुरुङ्गा नगरपालिकालाई कृषि आधारित आत्मनिर्भर , व्यवसायिक र आधुनिक उत्पादन प्रणालीयुक्त नगरको रूपमा विकास गरिनेछ।

२ धान, गहुँ, मकै, तरकारी तथा फलफूल उत्पादनलाई व्यवसायिक रूपमा विस्तार गरी उत्पादकत्व वृद्धि गरिनेछ।

३ कृषि सडकमा विद्युतीकरण गरी सिँचाइ सुविधा विस्तार तथा सुधार गरी वर्षभर खेतीयोग्य जमिनको उपयोग सुनिश्चित गरिनेछ।

४ उन्नत बीउ, मल तथा आधुनिक कृषि प्रविधिको सहज उपलब्धता सुनिश्चित गरिनेछ।

५ कृषक समूह, सहकारी तथा निजी क्षेत्रको सहभागितामा व्यवसायिक कृषि फार्म स्थापना र विस्तार गरिनेछ।

६ कृषि यान्त्रीकीकरणलाई प्रोत्साहन गर्दै उपकरणमा अनुदान तथा सेवा केन्द्र स्थापना गरिनेछ।

७ कृषि उपज संकलन केन्द्र , भण्डारण ( Cold Storage) तथा बजार व्यवस्थापन प्रणाली विकास गरिनेछ।

८ कृषि उत्पादनको मूल्य शृङ्खला ( Value Chain) विकास गरी किसानलाई उचित मूल्य सुनिश्चित गरिनेछ।

९ जैविक विषादी तथा जैविक मल वातावरणमैत्री प्रणालीमा प्राथमिकता दिइनेछ।

१० सुरुङ्गा नगरपालिका विषादीरहित आँप उत्पादनको विशेष क्षेत्रको रूपमा परिचित भएकाले यस क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा व्यावसायीकरणलाई प्राथमिकता दिइनेछ। आँप उत्पादनको मूल्य शृङ्खला विकास, प्रशोधन, ब्रान्डिङ, बजारीकरण तथा कृषि पर्यटनसँग आबद्ध कार्यक्रमहरू सञ्चालन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना , आयवृद्धि र आर्थिक समृद्धिमा योगदान पुर्याकइनेछ। साथै , कृषकहरूलाई प्राविधिक सहयोग , आधुनिक कृषि प्रविधि , सिँचाइ तथा भण्डारण सुविधाको विस्तारमार्फत विषादीरहित आँप उत्पादनलाई थप प्रतिस्पर्धी र दिगो बनाइनेछ।

११ सुरुङ्गा नगरपालिका विषादीरहित आँप उत्पादनको विशेष क्षेत्र भएकाले यसको उत्पादन , प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणलाई प्राथमिकता दिँदै व्यावसायीकरण र रोजगारी सिर्जनामा विशेष जोड दिइनेछ। साथै, प्रदेश सरकारको सहयोगमा सञ्चालनमा रहेको ग्रामीण आँप उद्योग ग्रामलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउँदै उत्पादन , प्रशोधन, भण्डारण, मूल्य अभिवृद्धि तथा बजार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। उद्योग ग्रामलाई स्थानीय आर्थिक विकास , उद्यमशीलता प्रवर्द्धन तथा कृषि पर्यटनसँग आबद्ध गरी आयआर्जन र रोजगारीका अवसर विस्तार गरिनेछ।

**पशुपालन तथा भेटनरी विकास नीति**

१२ सुरुङ्गा नगरपालिकामा गाई , भैंसी, बाख्रा, कुखुरा तथा माछापालनलाई व्यवसायिक रूपमा विस्तार गरिनेछ

१३ उन्नत पशु नस्ल विकासका लागि कृत्रिम गर्भाधान (AI) सेवा सबै वडामा विस्तार गरिनेछ।

१४ नियमित पशु खोप, रोग नियन्त्रण तथा आपतकालीन पशु स्वास्थ्य सेवा प्रणाली सुदृढ गरिनेछ।

१५ प्रत्येक वडामा भेटेरिनरी सेवा शिविर तथा मोबाइल पशु स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

१६ पशु आहार (घाँस, दाना) उत्पादनलाई प्रोत्साहन गर्दै चारा आत्मनिर्भरता विकास गरिनेछ।

१७ दूध, मासु तथा अण्डा सङ्कलन, प्रशोधन तथा बजार व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ।

१८ पशुपालनमा आधारित सहकारी तथा उद्यमशीलता विकास गरी रोजगारी सिर्जना गरिनेछ।

**सहकारी व्यवस्थापन नीति तथा कार्यक्रम**

१९ सहकारी संस्थाका पदाधिकारी , व्यवस्थापन समिति तथा कर्मचारीहरूको क्षमता विकासका लागि नियमित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२० सहकारी संस्थाहरूको सुशासन , पारदर्शिता तथा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीति , कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ।

२१ सहकारी संस्थाहरूमा सूचना प्रविधिमा आधारित लेखा तथा व्यवस्थापन प्रणाली ( COPOMIS लगायत) को प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२२ सहकारी संस्थाहरूको नियमित अनुगमन , मूल्याङ्कन तथा सुधारात्मक कार्यक्रम सञ्चालन गरी सदस्यमैत्री सेवा प्रवाह सुनिश्चित गरिनेछ।

२३ उत्कृष्ट अभ्यास भएका सहकारी संस्थाहरूको **अन्तर–सहकारी अध्ययन तथा अवलोकन भ्रमण** सञ्चालन गरी अनुभव आदान–प्रदान र सिकाइको अवसर प्रदान गरिनेछ।

२४ सहकारी संस्थाहरूलाई व्यवसायिक योजना निर्माण, उद्यमशीलता विकास तथा उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

२५ उत्कृष्ट कार्यसम्पादन गर्ने सहकारी संस्थाहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

२६ सहकारी संस्थाहरूलाई स्थानीय उत्पादन, रोजगारी सिर्जना तथा सदस्यहरूको आयआर्जन अभिवृद्धिमा केन्द्रित कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

**रोजगार प्रवर्द्धन सम्बन्धी नीतिहरू**

२७ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई रोजगारी प्रदान गर्न पालिकाबाट सञ्चालन हुने पालिकास्तरीय तथा वडास्तरीय योजनाहरू लगायत अन्य योजनाहरूमा समेत आबद्ध गरी रोजगारी अभिवृद्धि गरिनेछ।

२८ यस नगरपालिकामा रोजगार सेवा केन्द्रमार्फत सञ्चालन हुने रोजगारमूलक योजनाहरूमा सङ्घीय सरकारको नीतिअनुसार अनिवार्य रूपमा साझेदारी गर्नुपर्ने व्यवस्थाबमोजिम सुरुङ्गा नगरपालिकाबाट ती योजनाहरू कार्यान्वयन गर्न पहल गरिनेछ। साथै , थप रोजगारी सिर्जना गर्न प्रदेश सरकार तथा सरकारी एवं गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गरी थप बजेट उपलब्ध गराउन पहल गरिनेछ।

२९ यस नगरपालिकाभित्र रहेका सीपयुक्त तथा सीपविहीन रोजगार आकांक्षीहरू , रोजगारदाताहरू तथा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको विवरण सङ्कलन गरी रोजगार प्रोफाइल ( Employment Hub) तयार गरिनेछ। सीप भएका व्यक्तिहरूलाई रोजगारसँग जोड्न जब म्याचिङ ( Job Matching) प्रणालीमार्फत सहजीकरण गरिनेछ भने सीप नभएकाहरूलाई आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ।

३० यस नगरपालिकाभित्रका जम्मा घरधुरीमध्ये कम्तीमा ५० प्रतिशत घरधुरीलाई "एक घरधुरी , एक रोजगारी" कार्यक्रममार्फत रोजगारीको अवसर प्रदान गर्ने गरी आवश्यक व्यवस्थापन गरिनेछ।

३१ उद्यमशीलता, व्यावसायिक सीप विकास तथा तालिम प्रदान गरी स्वरोजगार प्रवर्द्धन गरिनेछ। मागमा आधारित विभिन्न सीपमूलक तालिम सञ्चालन गरी युवाहरूलाई स्वरोजगार बनाउन विशेष पहल गरिनेछ।

३२ आन्तरिक रोजगारी प्रवर्द्धन गर्न स्थानीय उत्पादनमा आधारित रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

३३ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणका प्रयासहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ।

३४ रोजगार प्रवर्द्धन, सीप विकास, उत्पादनशील रोजगार, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन व्यवस्थापन, श्रम विनिमय, परामर्श सेवा, श्रम स्वीकृति तथा रोजगार सम्बन्धी सेवाहरूलाई एकीकृत रोजगार सेवा प्रणालीमार्फत प्रवाह गरिनेछ।

३५ सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारीको प्रभावकारी व्यवस्थापन गरिनेछ।

**लघु उद्यम विकास सम्बन्धी नीति कार्यक्रमहरुः (MEDEP)**

**३६ उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न प्रविधि हस्तान्तरण कार्यक्रमः**

आर्थिक वर्ष २०८३/०८४ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDEP) को मोडेलअनुसार तेस्रो चरणमा प्राविधिक सीप विकास तालिम सञ्चालन हुने वडाका सहभागीहरूको माग तथा तालिमको आवश्यकताका आधारमा उपयुक्त प्रविधि २० प्रतिशत लागत साझेदारीमा हस्तान्तरण गरिनेछ।

**३६ उद्यमीहरूको स्तरोन्नति (पुनर्ताजगी तथा एड्भान्स तालिम) कार्यक्रमः**

आर्थिक वर्ष २०८२/०८३ मा सुरुङ्गा नगरपालिका वडा नं. ९ मा सञ्चालन भएको आधारभूत सिलाइ–कटाइ सीप विकास तालिममा सहभागी भएका व्यक्तिहरूलाई थप दक्ष र प्रतिस्पर्धी बनाउन स्तरोन्नति (पुनर्ताजगी तथा एड्भान्स) तालिम सञ्चालन गरिनेछ।

**३७. सुरुङ्गा सामुदायिक सिकाइ केन्द्रद्धारा आयोजिक सिप मूलक तालिमहरुलाई व्यवसायिक रुपमा प्रवर्धन गरिनेछ ।**

**३७ नयाँ लघु उद्यमी सिर्जना कार्यक्रमः**

आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा आवश्यकतामा आधारित मागअनुसार गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDEP) को मोडेलअनुसार २० जना नयाँ लघु उद्यमी सिर्जना गरिनेछ। उनीहरूलाई आवश्यक सीप विकास तालिम , उद्यम विकास सेवा तथा व्यवसाय सञ्चालनमा आवश्यक परामर्श प्रदान गरिनेछ।

**सामाजिक विकास नीति**

<u>शिक्षा नीति</u>

३८ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा जोड दिइनेछ ।

३९ सामुदायिक विद्यालयहरूलाई अभिभावक र विद्यार्थीको आकर्षणको केन्द्रको रूपमा विकास गर्न , शिक्षाको गुणस्तर सुधारका लागि क्रमशः अंग्रेजी माध्यमबाट शिक्षा दिने नीति लिइनेछ ।

४०विद्यालय शिक्षालाई सूचना तथा प्रविधिमैत्री बनाइनेछ ।

४१ संस्थागत विद्यालयहरूको वर्गीकरण गरी मापदण्डअनुरूप शुल्क निर्धारण गरिनेछ । कानुनबमोजिम गरिब, असहाय र जेहेन्दर विद्यार्थीहरूलाईछात्रवृत्ति दिनुपर्ने व्यवस्था लागू गरिनेछ ।

४२ आधारभूत तहसम्म स्थानीय विषयका रूपमा मातृभाषामा शिक्षा प्रदान गर्न क्रमागत रूपमा आवश्यक व्यवस्था गर्दै लगिनेछ ।

४३लक्षित वर्गका विद्यार्थीहरूलाई दिइँदै आएको सुविधालाई थप व्यवस्थित गरिनेछ ।

४४ आधारभूत तथा माध्यमिक तहमा कार्यरत उत्कृष्ट विषयगत शिक्षकहरूलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

४५ विद्यालयहरूमा बालबालिकाहरूको सहभागिता र विकाससम्बन्धी अधिकारको सुनिश्चित गर्न बालबालिका प्रति हुने हिंसा , दूर्व्यवहारलाई निरुत्साहित एवम् निषेध गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४६ सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न व्यवहारिक र सकारात्मक सोच विकास गर्ने खालका तालिमहरू सञ्चालन गरिनेछ ।

४७संयन्त्र बनाई विद्यालय अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याइनेछ ।

४८उच्च शिक्षामा पहुँच बढाउन विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

४९ सक्षम विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

५० विद्यार्थी तथा शिक्षकको प्रतिभा विकासमा सहयोग पु र्याउन नगरस्तरीय शैक्षिक महोत्सव (मेला) , विज्ञान तथा शैक्षिक सामग्रीप्रदर्शनी आयोजना गरिनेछ ।

५१ नगर क्षेत्रभित्र १ ओटा सूचना तथा सञ्चार प्रविधि (ICT) युक्त सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालनमा जोड दिइनेछ ।

५२ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई स्वास्थ्यसँग आवद्ध गरी थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

५३ आवश्यकता र औचित्यका आधारमा नयाँ विद्यालय स्थापना, नयाँ कक्षा थपतथा समायोजन गर्ने नीति लिइनेछ ।

५४ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयहरूलाई नमुनाको रूपमा सञ्चालन र विकास गर्न प्रोत्साहित गरिनेछ ।

५५ शिक्षक अपुग भएका सामुदायिक विद्यालयहरूमा शिक्षण अनुदान दिने नीति लिइनुका साथै शिक्षक दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ ।

५६ स्वयंसेवक शिक्षक व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनुका साथै बालविकास शिक्षक र विद्यालय कर्मचारीलाई थप प्रोत्साहन भत्ता दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(क) विज्ञान तथा शैक्षिक मेला प्रदर्शनी गरिनेछ ।

(ख) लोकसेवा तथा शिक्षक सेवा आयोगको लागि तयारी कक्षाहरु संचालन गरिनेछ ।

## युवा तथा खेलकुद नीति

५७ सुरूङ्गा नगरक्षेत्रभित्रका युवाहरूलाई दुर्व्यसनीबाट मुक्त गराउने नीति लिइनेछ ।

५८ शिक्षा , खेलकुद र सचेतना जस्ता कार्यक्रमहरू मार्फत युवाहरूलाई समाज , राष्ट्रप्रति वफादार बनाउने नीति लिइनेछ ।

५९ युवा लक्षित स्वरोजगार तथा सिपमूलक तालिम सञ्चालन गर्नका लागि सरकारी एवम् गैरसरकारी संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

६० नगरक्षेत्रभित्र रहेका शिक्षित बेरोजगार युवाहरूलाई रोजगारउन्मुख तालिम तथा प्रशिक्षणहरूमा सरिक गराइने छ ।

६१ रूपान्तरणको संवाहकको रूपमा नगर विकासमा युवाहरूको अर्थपूर्ण सहभागितामा जोड दिइनेछ ।

६२ राज्यको मूलधारबाट पछिपरेका युवाहरूलाई मूल प्रवाहीकरणमा ल्याइनेछ । युवाहरूलाई स्वस्थ्य सक्षम र अनुशासित बनाउँदै नगर तथा राष्ट्रको विकासमा योगदान दिनसक्ने व्यक्तिको रूपमा तयार गरिनेछ ।

६३ घातक रोग , लागूऔषध दुर्व्यसनी तथा कुलतमा लागेका युवाहरूका निम्ति सचेतनामूलक कार्यक्रमका साथै विशेष तालिम गोष्ठी सञ्चालन गरिनेछ ।

६४ "खेल्दै छ सुरुङ्गा , जित्दैछ सुरुङ्गा " नारासहित विद्यालयस्तरदेखि नै अनिवार्यरूपमा अतिरिक्त/सहक्रियाकलापको रूपमा खेलकुदलाई प्रवर्द्धन गरिनेछ ।

६५ नगर तथा वडास्तरीय खेलकुद पूर्वाधार (खेलमैदान, प्रशिक्षण केन्द्र) विस्तार गरिनेछ ।

६६ खेलकुदका विभिन्न विधा तथा खेलहरूलाई प्राथमिकता दिइनेछ ।

६७ खेलकुदलाई स्वास्थ्य, अनुशासन र प्रतिभा विकासको माध्यमको रूपमा विकास गरिनेछ ।

६८ खेलकुदका लागि आवश्यक पूर्वाधार विकास गर्दै विद्यालयहरूमा खेलकुद क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

६९ विभिन्न विधाका अन्तर विद्यालय नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडीहरूलाई पुरस्कृत, सम्मानवाछात्रवृत्ति प्रदान गरिनेछ ।

७० बाल क्लब तथा युवा क्लबहरूलाई खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिकनीति**

७१ महिलालाई डिजिटल साक्षरता प्रदान गर्दे, सशक्तीकरण, सीप विकास र उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ।

७२ बालबालिकाको नेतृत्व विकास, जीवनोपयोगी सीप तथा नवप्रवर्तन प्रवर्द्धन गरिनेछ।

७३ अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भरता र सामाजिक समावेशीकरणमा जोड दिइनेछ।

७४ ज्येष्ठ नागरिकहरूको अनुभव र सीपलाई नयाँ पुस्तासँग हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

७५ लैङ्गिक समानता , बाल संरक्षण र सामाजिक समावेशीकरणलाई सबै कार्यक्रममा मूलप्रवाहीकरण गरिनेछ।

७६ महिलाहरूलाई आर्थिकरूपमा आत्मनिर्भर बनाउन लघु उद्यम तथा सहकारी माफर्त पहुँच बढाइनेछ।

७७ महिला हिंसा, बालविवाह तथा लैङ्गिक विभेद अन्त्य गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७८ निर्णय प्रकियामा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

**स्वास्थ्य नीति**

७९ स्वास्थ्य संस्थाबाट दिइने सेवाहरू प्रभावकारी समय अनुकुल दिईनेछ ।

८० सबै नागरिकलाई आधारभुत स्वास्थ्य सेवामा पहँच सुनिशिचित गरिनेछ ।

८१ निःशुल्क अत्यावश्यक औषधिहरू सर्भसुलभ तरिकाले सबै नागरिकहरूलाई पुर्याइनेछ ।

८२ पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिनेछ ।

८३ संस्थागत सुत्केरी सेवालाई अझ सक्षम र सुदृढीकरण गरिनेछ ।

८४ पाठेघर क्यान्सर शिविर तथा जनरल स्वास्थ्य शिविर विस्तार गरिनेछ ।

८५ मातृ स्वास्थ्य सेवामा गर्भवती अवस्था र प्रसुति अवस्थामा पोषण सामग्री वितरण गरिनेछ ।

८६ नसर्ने रोगहरू स्क्रिनिङ्ग गरी औषधिहरू वितरण गरिनेछ ।

८७ नवनिर्मित अस्पताल भवनमा १५ सैय्या नगर अस्पतालको रूपमासञ्चालनमा ल्याईनेछ ।

८८ दिर्घरोगीहरूलाई सहुलियत जिविकोपार्जन रकम वितरणमा मितव्ययिता अप्नाईनेछ ।

८९ No Home Delivery घोषणा गर्न क्रियाकलाप अगाडि वढाईनेछ ।

९० सुरुङ्गा नगरक्षेत्रभित्र एक सर्पदंश उपचार केन्द्र स्थापना गरी सर्पको टोकाईबाट अकालमा ज्यान गुमाउनुपर्ने दुखद अवस्थाको अन्त्य गरिने छ ।

९१. अगामि आ.व. मा ज्येष्ठ नागरिक दिवसको दिन नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

**पोषण नीति**

९१ कुपोषण न्युनीकरणका लागि गर्भवती महिला , बालबालिका तथा किशोरी लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

९२ स्थानीय उत्पादनमा आधारित पोषणयुक्त आहार प्रवर्द्धन गरिनेछ ।

९३ विद्यालय पोषण कार्यक्रम प्रभावकारी रूपमालागू गरिनेछ ।

९४ नगर क्षेत्रभित्र रहेका बालबालिकाको पोषण लेखाजोखा कार्यक्रम लागू गरिनेछ ।

९५ पोषणमैत्री स्वास्थ्य र वडा घोषणा गर्न सबै सुचकाङ्कमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

९६ विद्यालय स्वास्थ्य पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

९७ सरसफाईको साथै सफापानीको बारेमा जनचेतना जगाउने काम गरिनेछ ।

९८ गर्भवती महिलाले कम्तीमा ८ पटक पूर्वप्रसुती जाँच कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ गर्भवती महिलाले कम्तीमा ३ पटक उत्तर प्रसुति जाँच कार्यक्रम गरिनेछ ।

१०० गर्भवती महिलाले गर्भ अवधीभर १८० आइरन फोलिक चक्की खाएको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१ स्वास्थ्य संस्थामा सुत्केरी गराएको महिलाहरूको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२ स्वास्थ्य संस्थामा जन्म भएका बालबालिकामध्ये जन्मेको १ घण्टा भित्र स्तनपान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३ ६देखि ५९ महिनाका बालबालिकाले वर्षमा २ पटक भिटामिन "ए" क्याप्सुल खुवाउने कार्यक्रमसञ्चालन गरिनेछ ।

१०४ १२देखि ५९ महिनाका बालबालिकाले वर्षमा २ पटक जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०५ २४ महिनासम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक मापन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६ वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिकामध्ये जन्मेदेखि ६ महिनासम्मपूर्ण स्तनपान गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७ वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिकामध्ये ६ महिना पश्चात स्तनपानका साथसाथै समयमै थप ठोस आहार सुरुवात कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८ वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिकामध्ये कम तौल भएका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९ कम तौल भएका शिशुको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

११० पूर्णखोपयुक्त स्वास्थ्य संस्था भएको यकीनगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१११ पूर्ण मात्रामा १८० स्याचेट बालभिटा पाएकोयकीन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११२ बालबालिकालाई झाडापखाला लागेको वेला जिङ्क चक्की पुनर्जलीय झोल खुवाएको निश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११३   २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीहरूको पहिचान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी, सरसफाइ र स्वच्छता नीति**

११४   प्रत्येक घरधूरीमा सुरक्षित खानेपानीको सेवा विस्तार गरिनेछ।
११५ खानेपानीका स्रोतहरूको संरक्षण, पुनर्भरण र नियमित अनुगमन गरिनेछ ।
११६ पानीको गुणस्तर परीक्षण नियमितरूपमा गरिनेछ ।
११७ खानेपानी प्रणालीको मर्मत र दिगो व्यवस्थापन सुनिश्चित गरिनेछ ।
११८ प्रत्येक घर, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानमा सुरक्षित शौचालयको व्यवस्था गरिनेछ ।
११९ खुला दिसामुक्त अवस्था कायम राख्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१२० कुहिने र नकुहिने फोहोर व्यवस्थापनमा ध्यान दिइनेछ ।
१२१ वातावरणीय सरसफाइलाई प्राथमिकता दिइनेछ ।
१२२ साबुनपानीले हात धुने बानीको प्रवर्द्धन गरिनेछ ।
१२३ व्यक्तिगत तथा घरेलु स्वच्छतासम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।
१२४ विद्यालय तथा समुदायमा स्वच्छता शिक्षा कार्यक्रम लागू गरिनेछ ।
१२५ महिनावारी स्वच्छता व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेछ ।
१२६ बाल विवाह मुक्त घोषणा पश्चापत यसका चुनौतिहरुलाई समावेश गरिनेछ ।

**भूमि तथा सुकुम्वासी सम्बन्धी नीतिहरु:**

१२७.  नगरपालिका भित्रका भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको समस्या समाधानका लागि तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्नी भई पुर्जा वितरण कार्य शुरु भएकोमा चालु आ.व. मा यसलाई निरन्तरता दिई र सम्पन्न् गरिनेछ । यसका लागि आवश्यतक बजेट व्यवस्थापन गरेको छ ।

## पूर्वाधार विकास नीति

**सडक तथा यातायात नीति**

**१२८**  सुरुङ्गा नगरपालिकाका सबै वडालाई जोड्ने मुख्य सडकलाई क्रमशः कालोपत्रे ( Blacktopping) गर्दै दीर्घकालीन, सुरक्षित र सहज यातायात सञ्जाल विकास गरिनेछ।
**१२९**  नगरका रणनीतिक र मुख्य सडकहरूलाई प्राथमिकतामा राखी स्तरोन्नति गर्दै सबै वडाबीच निरन्तर सडक सम्पर्क सुनिश्चित गरिनेछ।
**१३०**  कृषि उत्पादन क्षेत्रलाई बजार केन्द्र , राजमार्ग तथा सेवा केन्द्रसँग जोड्ने ग्रामीण तथा कृषि सडक सञ्जाल विस्तार गरिनेछ।
**१३१**  वर्षायाममा अवरुद्ध हुने सडकहरूमा स्थायी समाधानका लागि ग्राभेलिङ , नाली व्यवस्थापन, कल्भर्ट तथा पुल निर्माणलाई प्राथमिकता दिइनेछ।

१३२ सडक निर्माण तथा मर्मतमा गुणस्तर सुनिश्चित गर्न प्राविधिक मापदण्ड कडाइका साथ लागू गरिनेछ।

**भवन संहिता नीति**

१३३ नगरभित्र निर्माण हुने सबै भवनहरूलाई राष्ट्रिय भवन संहिता तथा मापदण्ड अनुसार अनिवार्य रूपमा निर्माण गरिनेछ।

१३४ सुरक्षित, भूकम्प प्रतिरोधी, वातावरणमैत्री तथा दिगो भवन निर्माणलाई प्रोत्साहन गरिनेछ।

१३५ अव्यवस्थित तथा अनियन्त्रित भवन निर्माणलाई नियन्त्रण गरी योजनाबद्ध शहरी विकास गरिनेछ।

**बस्ती विकास नीति**

१३६ योजनाबद्ध, सुरक्षित र व्यवस्थित बस्ती विकासलाई नगरको प्रमुख प्राथमिकता बनाइनेछ।

१३७ शहरीकरणलाई व्यवस्थित गर्दै खुला स्थान, हरियाली र सार्वजनिक क्षेत्र संरक्षण गरिनेछ।

१३८ बस्ती विकास गर्दा आधारभूत सेवा (सडक , पानी, विद्युत, सरसफाइ) को पूर्ण सुनिश्चितता गरिनेछ।

**विपद् व्यवस्थापन, वातावरण तथा पर्यटन सम्बन्धी नीति**

**विपदन व्यवस्थापन नीति**

१३९ विपद् व्यवस्थापन , सरसफाइ तथा सार्वजनिक हितका कार्यक्रमहरूमा समुदायको सक्रिय भूमिका सुनिश्चित गरिनेछ।

१४० बाढी, डुबान, आगलागी तथा अन्य विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, पूर्वसूचना तथा उद्धार प्रणाली सुदृढ गरिनेछ।

१४१ विपद् व्यवस्थापनका लागि आपतकालीन राहत तथा पुनःस्थापना कोष सञ्चालन गरिनेछ।

१४२ विपद् प्रभावित क्षेत्रमा तत्काल राहत , पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

**पर्यटन विकास नीति**

१४३ सुरुङ्गा नगरपालिका अन्तर्गत रहेका निम्न स्थानीय पर्यटकीय गन्तव्यहरूको विकास, आन्तरिक तथा बाह्य पर्यटक आकर्षण वृद्धि तथा स्थानीय आर्थिक गतिविधिको प्रवर्द्धन गरिनेछ।

- सुरुङ्गा नगरपालिका–३ स्थित **बिसनरिया दह (ताल)**को सौन्दर्यकरण गरिनेछ।
- सुरुङ्गा नगरपालिका–३ स्थित **लक्ष्मीपुर पार्क**को सौन्दर्यकरण गरिनेछ।
- सुरुङ्गा नगरपालिका–४ स्थित **सेतीदेवी मन्दिर**को सौन्दर्यकरण गरिनेछ।
- सुरुङ्गा नगरपालिका–७ स्थित **अमहा दह**को सौन्दर्यकरण गरिनेछ।
- सुरुङ्गा नगरपालिका–८ स्थित **मुसहरनिया दह तथा मन्दिर**को सौन्दर्यकरण गरिनेछ।
- सुरुङ्गा नगरपालिका–११ स्थित **रामपुर दह**को सौन्दर्यकरण गरिनेछ।

१४४ नगरभित्रका हरित पार्क , सार्वजनिक उद्यान, पोखरी तथा ताल –तलैयाहरूको संरक्षण, स्तरोन्नति र सौन्दर्यीकरण गरी पर्यटकीय आकर्षण केन्द्रका रूपमा विकास गरिनेछ।

१४५ नयाँ हरित पार्क तथा मनोरञ्जन स्थलहरू निर्माण गरी बालबालिका, युवा तथा वृद्ध नागरिकका लागि सुरक्षित विश्राम तथा मनोरञ्जन स्थल विस्तार गरिनेछ।

१४६ ताल–तलैया तथा जलाशयहरूको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम राखी इको –टुरिज्म (Eco-tourism) प्रवर्द्धन गरिनेछ।

१४७ स्थानीय संस्कृति, परम्परा, कला र हस्तकलाको संरक्षण गर्दै सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

१४८ पर्यटन पूर्वाधार (पार्क, विश्रामस्थल, सूचना केन्द्र, शौचालय, संकेत बोर्ड) विकास गरी पर्यटकमैत्री वातावरण निर्माण गरिनेछ।

१४९ निजी क्षेत्र तथा समुदायसँग सहकार्य गरी पर्यटन क्षेत्रमा लगानी विस्तार र रोजगारी सिर्जना गरिनेछ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

### सुशासन नीति

१५० नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी र कार्यविभाजनलाई समयानुकूल परिमार्जन गरिनेछ।

१५१ स्थानीय सरकारी सेवाका कर्मचारीहरूको कार्यक्षमता वृद्धि गर्न प्रदेश सुशासन केन्द्रसँगको सहकार्यमा निरन्तर तालिम सञ्चालन गरिनेछ।

१५२ सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन "वर्षको उत्कृष्ट स्थानीय सेवा पुरस्कार" को व्यवस्था गरिनेछ।

१५३ नगरपालिका र सबै ११ वटै वडा कार्यालयहरूमा एकीकृत डिजिटल सरकारी कार्यालय प्रणाली (Integrated Office Management System) पूर्ण रूपमा लागू गरिनेछ।

१५४ मालपोत, व्यवसाय कर, र अन्य राजस्व संकलनलाई शतप्रतिशत अनलाइन र ई-बैंकिङ प्रणालीमा आबद्ध गरिनेछ।

१५५ "सुरुङ्गा नगर एप" को स्तरोन्नति गरी सिफारिस फारम डाउनलोड , पञ्जीकरण, र गुनासो दर्ता मोबाईलबाटै गर्न मिल्ने बनाइनेछ।

१५६ मुख्य सार्वजनिक कार्यालय परिसर र सेवा केन्द्रहरूमा सिसिटिभी क्यामेरा र सेवाग्राहीका लागि निःशुल्क वाईफाईको व्यवस्था मिलाइनेछ।

१५७ त्रैमासिक रूपमा वडा र नगर स्तरीय सार्वजनिक सुनुवाइ गरिनेछ। साथै , विकास योजनाहरूको अनिवार्य सामाजिक परीक्षण (Social Audit) गरिनेछ।

१५८ नगर प्रमुखको प्रत्यक्ष रेखदेखमा रहने गरी टोल-फ्री हटलाइन तथा गुनासो पेटिकाको माध्यमबाट २४ घण्टाभित्र गुनासो सम्बोधन गर्ने संयन्त्र बलियो बनाइनेछ।

१५९ सबै कार्यालयमा अडियो-भिजुअल (श्रव्य-दृश्य) सहितको डिजिटल नागरिक वडापत्र व्यवस्थापन गरिनेछ।

१६० आवश्यकता अनुसार नयाँ ऐन, कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरी स्थानीय राजपत्र मा प्रकाशन गरिनेछ।

१६१ लागत अनुमान र योजना तर्जुमालाई व्यवस्थित गर्न डिजिटल आयोजना बैंक को पूर्ण कार्यान्वयन गरिनेछ।

१६२ विगतका वर्षहरूको बेरुजुलाई शून्यमा झार्न आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढ गरी "बेरुजु फछ्र्यौट कार्यदल" गठन गरिनेछ।

१६३ नगरपालिकाको वार्षिक योजना र बजेटमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न GESI Audit का सुझावहरूलाई कार्यक्रममा समेटिनेछ।

१६४ नगरपालिका र वडाका प्रशासनिक भवनहरूलाई अनिवार्य रूपमा अपाङ्गतामैत्री बनाइनेछ।

१६५ टोल विकास गठन तथा सञ्चाकलन सम्बन्धी आवश्यलक कानून तथा कार्यविधि तर्जुमा गरी सुरुङ्गा नगरपालिका वडा नं. १ देखि ११ सम्म टोल विकास संस्था गठन तथा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१६६. नगरक्षेत्रभित्रका सरकारी, सार्वजनिक, गौचरण तथा गुठि जग्गाहरुको संरक्षण र संवर्धन नगरपालिकाले गर्नेछ ।

**१६७. विपन्न दलित बस्ती पहिचान गरि नमूना बस्ति विकास कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ** ।

**न्यायिक समिति सम्बन्धी नीति**

१६८ सबै नागरिकलाई बिना भेदभाव न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ।

१६९ गरिब, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई न्यायिक सेवामा प्राथमिकता दिइनेछ।

१७० स्थानीय प्रकृतिका विवादहरू (जग्गा, सिमाना, घरेलु झगडा, सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद आदि) मेलमिलाप, मध्यस्थता तथा कानुनी प्रक्रियाबाट समाधान गरिनेछ।

१७१ सकेसम्म विवादलाई मेलमिलाप ( Mediation) र सहमतिका आधारमा समाधान गर्ने व्यवस्था अपनाइनेछ।

१७२ मेलमिलापकर्ता (Mediators) को क्षमता विकासका लागि तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ।

१७३ उजुरी दर्ता, सुनुवाइ तथा निर्णय प्रक्रियालाई छिटो, पारदर्शी र कागजी झन्झटरहित बनाइनेछ।

१७४ नागरिकलाई स्थानीय कानुन , अधिकार र कर्तव्यबारे नियमित कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

समापन

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरसभा सदस्यहरू , राष्ट्रसेवक कर्मचारी , राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण सुरुङ्गावासी दाजुभाइ ,दिदीबहिनी तथा आमाहरूको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु ।

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानीः सुशासित, सुन्दर, समृद्ध सुरुङ्गा बनाउँछौं हामी"भन्ने मूल नारालाई आत्मसात गर्दै समृद्ध सुरुङ्गा निर्माणको अभियानमा सबैलाई एकताबद्ध हुन हार्दिक आह्वान गर्दछु ।

धन्यवाद ।

जय नेपाल